**लोक सेवा आयोग**

**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ पाँचौं तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह), लेखापाल/आन्तरिक लेखापरीक्षक/लेखा सहायक (प्रशासन सेवा, लेखा समूह) तथा सहायक (न्याय सेवा, कानून समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि**

**पाठ्यक्रम**

**पाठ्यक्रमको रुपरेखालाई निम्न अनुसार विभाजन गरिएको छ :**

**भाग - १**

**लिखित परीक्षा(Written Examination)** :–प्रथम चरण **पूर्णाङ्क :– १००**

द्वितीय चरण **पूर्णाङ्क :– १००**

**भाग - २**

**अन्तिम चरण(Final Examination)** :– कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता **पूर्णाङ्क :– ४०**

## लिखित परीक्षा योजना (Written Examination Scheme)

**१. लिखित परीक्षा :- प्रथम चरण(First Phase)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | १०० | ४० | वस्तुगत : बहुवैकल्पिक प्रश्न (MCQ) | ५० प्रश्न x २ अङ्क | ४५ मिनेट |

**२. लिखित परीक्षा :- द्वितीय चरण(Second Phase)**

| पत्र | विषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| द्वितीय | सामाजिक-आर्थिक अवस्था | १०० | ४० | विषयगत : छोटो र लामो उत्तर | ६ प्रश्न x ५ अङ्क<br>७ प्रश्न x १० अङ्क | ३ घण्टा |

**अन्तिम चरण - कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता (Computer Skill Test & Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्यूटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | १५ मिनेट |
| व्यक्तिगत अन्तर्वार्ता (Interview) | ३० | मौखिक (Oral) | |

**द्रष्टव्य :**

१. यो पाठ्यक्रम योजनालाई **लिखित परीक्षा** (**प्रथम चरण र द्वितीय चरण**) **तथा अन्तिम चरण** (**कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता**) गरी दुई भागमा विभाजन गरिएको छ ।

**२. प्रश्नपत्र नेपाली भाषामा हुनेछ ।**

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

४. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

५. परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator)प्रयोग गर्न पाइने छैन ।

६. विषयगत प्रश्नका लागि तोकिएका अङ्कका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुई भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।

७. परीक्षामा सोधिने प्रश्न संख्या, अङ्क र अङ्कभार यथासम्भव सम्बन्धित पत्र/विषयमा दिईए अनुसार हुनेछ ।

**८. आयोगबाट संचालन हुने परीक्षामा परीक्षार्थीले मोबाइल वा यस्तै प्रकारका विद्युतीय उपकरण परीक्षा हलमा लैजान पाइने छैन ।**

**लोक सेवा आयोग**

**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ पाँचौं तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह), लेखापाल/आन्तरिक लेखापरीक्षक/लेखा सहायक (प्रशासन सेवा, लेखा समूह) तथा सहायक (न्याय सेवा, कानून समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि**

**पाठ्यक्रम**

९. द्वितीय पत्र (विषयगत प्रश्न हुने पत्र) का हकमा प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डको उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१०. यस पाठ्यक्रम योजना अन्तर्गतकापत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियमतथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

११. **प्रथम चरण (First Phase)को लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरण (Second Phase)को लिखित परीक्षामा सम्मिलित गराइनेछ ।**

१२. लिखित परीक्षाको प्रथम चरण (First Phase)मा प्राप्त गरेको प्राप्ताङ्कको **शत् प्रतिशत अङ्क** तथा द्वितीय चरण (Second Phase)को प्राप्ताङ्कहरु जोडि कूल अङ्कको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशित गरिनेछ ।

१३. लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

१४. लिखित परीक्षार अन्तिम चरणको कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको कुल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

१५ पाठ्यक्रम लागू मितिः- **२०७६/०२/०९**

**लोक सेवा आयोग**

**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ पाँचौं तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह), लेखापाल/आन्तरिक लेखापरीक्षक/लेखा सहायक (प्रशासन सेवा, लेखा समूह) तथा सहायक (न्याय सेवा, कानून समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि**

**पाठ्यक्रम**

**प्रथमपत्र :-सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण**

**१. सामान्य ज्ञान** **३० प्रश्न × २ अङ्क =६० अङ्क**

१.१ विश्वको भूगोल- महादेश, महासागर, ध्रुव, अक्षांश, देशान्तर, अन्तर्राष्ट्रिय तिथि रेखा, समय, दूरी, पर्वतश्रृंखला, मरुभूमि, भूकम्प, ज्वालामुखी, नदी, हिमनदी, ताल, हिमताल, जलवायु, व्यापारिक वायू, मनसुन

१.२ नेपालको भूगोल

१.२.१ धरातलीय स्वरुपको किसिम र विशेषताहरु

१.२.२ प्राकृतिक स्रोतहरुः किसिम, उपलब्धि र वर्तमान अवस्था

१.२.३ भौगोलिक विविधता र जनजीवन

१.२.४ नेपालमा पाईने हावापानीको किसिम र विशेषता, हावापानीको विविधताबाट उत्पन्न भएका आर्थिक तथा सामाजिक क्रियाकलाप र जिविकोपार्जनमा विविधता

१.३ नेपालको इतिहास (प्राचीन कालदेखि हालसम्म)

१.३.१ किराँतकाल, लिच्छविकाल र मध्यकाल; सामाजिक, आर्थिक एवं राजनीतिक अवस्था

१.३.२ आधुनिक इतिहास; राजनीतिक घटनाक्रम, कारण र परिणामहरु

१.४ नेपालको सामाजिक एवं सांस्कृतिक अवस्था

१.४.१ प्रथा, परम्परा, मूल्य र मान्यता, धर्म, जातजाति, भाषाभाषी, संस्कृति, कला, साहित्य र संगीत

१.४.२ सांस्कृतिक सम्पदाको किसिम, विशेषता र महत्व

१.५ नेपालको आर्थिक अवस्थाः विकासका पूर्वाधारहरु (कृषि, उद्योग, व्यापार, पर्यटन, यातायात, संचार, शिक्षा, स्वास्थ्य, विद्युत) र विकास योजना ।

१.६ विज्ञान प्रविधि र स्वास्थ्यः निम्नलिखित विषयमा सामान्य जानकारी

१.६.१ विज्ञान प्रविधिको विकासबाट मानव जीवनमा परेको प्रत्यक्ष प्रभाव

१.६.२ जैविक प्रविधि, सूचना तथा सञ्चार प्रविधि र वैकल्पिक उर्जा

१.६.३ क्रमविकाश र वंशाणु,स्वास्थ्य, रोग, खोप, खाद्य, पोषण, सरसफाई

१.६.४ दैनिक जीवनमा प्रयोग हुने वस्तुहरु साबुन, प्लाष्टिक, रेसा, काँच, मल र किटनाशक औषधी

१.७ पारिस्थितिक पद्धति र वातावरण

१.७.१ पारिस्थितिक पद्धतिको परिचय र प्रकार तथा जीव भू-रासायनिक चक्र

१.७.२ दिगो विकास, जैविक विविधता, दुर्लभ पशुपन्छी र वनस्पतिहरु, विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, हरितगृह प्रभाव, ओजोनतहको विनास, वातावरण, प्रदुषण, जनसंख्या, शहरीकरण, बसोवास (बसाईंसराइ)

१.८ अन्तर्राष्ट्रिय सम्बन्ध तथा संघ/संस्था

१.८.१ नेपालका छिमेकी देशहरु तथा बेलायत, अमेरिका र जापानसँगको सम्बन्ध

१.८.२ संयुक्त राष्ट्रसंघः अङ्ग, विशिष्टीकृत संस्था र गतिविधिहरु

१.८.३ क्षेत्रीय संगठनः सार्क, बिमस्टेक र आसियान

१.९ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक, खेलकूद, पुस्तक, पुरस्कार, कला, साहित्य, संगीत लगायत समसामयिक घटना तथा नविनतम गतिविधिहरु र महत्वपूर्ण व्यक्तित्व तथा विचारकहरु सम्बन्धी जानकारी

**लोक सेवा आयोग**
**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ पाँचौं तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह), लेखापाल/आन्तरिक लेखापरीक्षक/लेखा सहायक (प्रशासन सेवा, लेखा समूह) तथा सहायक (न्याय सेवा, कानून समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि**
**पाठ्यक्रम**

**२. सामान्य बौद्धिक परीक्षण** **२० प्रश्न × २ अङ्क =४० अङ्क**

२.१ शाव्दिक तार्किक परीक्षण:

बोध, शब्दज्ञान, अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ- डिकोडिङ, छोडिएका अक्षर/संकेत मिलाउने, दिशा र दुरी ज्ञान परीक्षण, तार्किक विश्लेषण, श्रेणीक्रम (पंक्तिक्रम), भनाई र कारण, आगमन, निगमन, कार्य/अवस्थाको सिलसिला

२.२ मात्रात्मक (संख्यात्मक वा अंक सम्बन्धी) तार्किक परीक्षण:

अनुक्रम (श्रेणीक्रम), समरुपता, वर्गीकरण, कोडिङ, छोडिएका संख्या (अक्षर/संकेत) मिलाउने, साझा गुण, मेट्रिक्स, तथ्यांक व्याख्या, तथ्यांक जाँच (रुजु), अंकगणितीय तर्क /क्रिया सम्बन्धी,प्रतिशत, भिन्न, दशमलव, अनुपात, औसत, नाफा, नोक्सान, मिति/पात्रो, समय र काम

२.३ अशाब्दिक तार्किक परीक्षण:

अनुक्रम, समरुपता, एकरुपता, वर्गीकरण, तार्किक चित्रात्मक विश्लेषण, भेन चित्र, मेट्रिक्स चित्र, त्रिभुज र वर्गहरुको रचना, चित्र वा आकृति बनावट र विश्लेषण, विन्दु स्थान/स्थिति, पानीमा देखिने आकृति, ऐनामा देखिने आकृति, अन्तर्निहित आकृति, चित्रको स्थानान्तरण

<u>**समाप्त**</u>

**प्रथमपत्र सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण विषय**का पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या निम्नानुसार हुनेछ ।सामान्य ज्ञानमायथासम्भव क्रमशः Level I का ६० प्रतिशत रLevel II का ४० प्रतिशत प्रश्नहरुसोधिनेछ ।

| **प्रथमपत्र** | **सामान्य ज्ञान** | | | | | | | | | **सामान्य बौद्धिक परीक्षण** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **अङ्कभार** | ६० | | | | | | | | | ४० | | |
| **एकाइ** | १.१ | १.२ | १.३ | १.४ | १.५ | १.६ | १.७ | १.८ | १.९ | २.१ | २.२ | २.३ |
| **प्रश्न संख्या** | 2 | 4 | 3 | 4 | 3 | 3 | 3 | 3 | 5 | 6 | 8 | 6 |
| **जम्मा प्रश्न** | (Level I = 18र Level II = 12) जम्मा 30 | | | | | | | | | 20 | | |

## <u>Level I Questions</u>
(चार विकल्पमात्र भएका सामान्य बहुवैकल्पिक प्रश्नहरु)

## <u>Level II Questions</u>
(चार भन्दा विकल्प बढि विकल्प हुन सक्ने तर चार विकल्पमात्र प्रदान गरिएका बहुवैकल्पिक स्वरुपका तर ठिक-बेठिक, जोडामिलाउने, खालि ठाउँ भर्ने, कारण र प्रभाव सम्बन्ध प्रश्नहरु, नमिल्दो छुट्ट्याउने प्रश्नहरु)

**प्रथम पत्रः सामान्य ज्ञानका नमुनाप्रश्नहरु**

**Level I Questions**

1. कुनै ठाँउको स्थानीय समय 06:00 a.m. हुँदा ग्रीनवीच मध्यान्ह समय (GMT) 02:00a.m. छ भने त्यस ठाँउको देशान्तर (longitude) कति हुन्छ ?

   A) 60° W  B) 60°E
   C) 60° N  D) 60° S

2. प्रसिद्ध पूर्वीय राजनीतिक चिन्तक एवं अर्थशास्त्री कौटिल्यको वास्तविक नाम के थियो?

   A) चन्द्र गुप्त  B) विष्णु गुप्त
   C) चाणक्य  D) चित्र गुप्त

**Level IIQuestions**

3. भगवान बुद्धले निम्नलिखित चार आर्य सत्य प्रचार गरेका थिए । ती चार आर्य सत्यलाई तल दिईएको कोड प्रयोग गरी सहि क्रममा राख्नुहोस् ।
   1. संसारमा दु:ख छ वा संसार नै दु:ख हो ।
   2. दु:खको निरोध हुन्छ वा दु:ख रोक्न सकिन्छ ।
   3. दु:ख निरोधको लागि एक प्रमुख मार्ग/उपाय छ ।
   4. दु:खको कारण छ ।

   A) 1- 2 - 3 - 4  B) 1- 4 - 2 – 3  C) 4- 1 - 3 - 2  D) 1- 2 - 4 - 3

4. समूह I र II मा जोडा मिलाउनुहोस् र कोडबाट सही उत्तर छान्नुहोस् ।

| समूह I | समूह II |
|---|---|
| a) एसिया | 1.नयाँ संसार(New World) |
| b) युरोप | 2.विषमताको महादेश(Continent of Extremes) |
| c) उत्तर अमेरिका | 3.सबैभन्दा सानो महादेश(Smallest Continent) |
| d) अष्ट्रेलिया | 4.प्रायद्वीपहरूको पनि प्रायद्वीप (Peninsula of Peninsulas) |

| कोड(Code) | a | b | c | d |
|---|---|---|---|---|
| A) | 2 | 4 | 1 | 3 |
| B) | 2 | 1 | 3 | 4 |
| C) | 4 | 1 | 2 | 3 |
| D) | 1 | 2 | 3 | 4 |

**<u>सामान्य बौद्धिक परीक्षणका नमुनाप्रश्नहरु ( Sample Questions of General Mental Ability Test)</u>**

1. I, II, III, IV रV हरु मध्ये प्रत्येकको फरक फरक उचाई छ। II, V भन्दा मात्र अग्लो छ। III, I भन्दा होचो तर IV भन्दा अग्लो छ भने तीनीहरु मध्ये तेस्रो अग्लो को छ ?

   A) III　　B) IV　　C) II　　D) जानकारी अपूर्ण

2. दिईएको क्रम/श्रेणीमा प्रश्नचिन्ह (?) राखिएको ठाउँमा के हुन्छ ?
   *1, 1, 4, 8, 9, (?), 16, 64*
   A) *12*　　B) *24*　　C) *25*　　D) *27*


3. दिइएका विकल्पहरु मध्येबाट छोडिएका संख्या पत्ता लगाउनुहोस्।

| | | |
|---|---|---|
| 1 | 7 | 9 |
| 2 | 14 | ? |
| 3 | 105 | 117 |

   A)28　　B)18　　C)16　　D)12


4. यदि (If) DOLL is 6199, COCK is 5153, CROW is 5812 and FOOD is 4116.
   Then RICE is --(?)--
   A)8753　　B) 8756　　C) 8051　　D) 8057


5. तल दिइएको चित्रमा त्रिभुजहरुको(Triangles) कुल संख्या कति छ ?



   A)52　　B)54　　C)56　　D)58

6. दिईएको मेट्रिक्स पुरा गर्नुहोस।





A　B　C　D

7. सात (7) विषयहरुको अङ्कको औसत साठ्ठी (60)छ। यदि अगाडिका चार (4) विषयहरुको अङ्कको औसत त्रिसठ्ठी (63) र पछाडिका चार (4)विषयहरुको अङ्कको औसत पचपन्न (55)छ भने चौथो विषयको अङ्क कति छ ?

   A) 52　　B) 59　　C) 59.33　　D)जानकारी अपूर्ण

**लोक सेवा आयोग**

**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ पाँचौं तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह), लेखापाल/आन्तरिक लेखापरीक्षक/लेखा सहायक (प्रशासन सेवा, लेखा समूह) तथा सहायक (न्याय सेवा, कानून समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि**

**पाठ्यक्रम**

**द्वितीयपत्रः- सामाजिक-आर्थिक अवस्था**

| | | |
|---|---|---|
| **खण्ड (Section) (A)** | **२ प्रश्न × १०अङ्क =२० अङ्क** | **३० अङ्क** |
| | **२ प्रश्न × ५अङ्क =१० अङ्क** | |

**१. नेपालको सामाजिक, आर्थिक एवं वातावरणीय अवस्था**

१.१ भौगोलिक अवस्था/स्वरुपः किसिम र विशेषताहरु
१.२ हावापानी : किसिम र विशेषता
१.३ जलसम्पदा : स्थिति र महत्व
१.४ वनसम्पदा : अवस्था र महत्व तथा वन विनाशका कारण र संरक्षणका उपायहरु
१.५ प्रचलित प्रमुख धर्म, जातजाति, भाषाभाषी र संस्कृति
१.६ आर्थिक विकासका पक्षहरुः कृषि, उद्योग, व्यापार, पर्यटन, वैदेशिक रोजगार, र जनशक्ति
१.७ आर्थिक विकासका सम्वाहकहरुः सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र र सार्वजनिक-निजी साझेदारी
१.८ योजनावद्ध विकासक्रम र चालु आवद्यिक योजनाको सामान्य जानकारी
१.९ जनसङ्ख्या व्यवस्थापन, शहरीकरण र बसाइँसराइ
१.१० वातावरण व्यवस्थापन, जैविक विविधता, वातावरण प्रदूषण र जलवायु परिर्वतन
१.११ ज्वलन्त विषयहरुः गरीबी, बेरोजगारी, जनस्वास्थ्य, खाद्य सुरक्षा, सामाजिक सुरक्षा, ऊर्जा संकट, सूचना प्रविधि र सामाजिक संजाल

| | | |
|---|---|---|
| **खण्ड (Section) (B)** | **२ प्रश्न × १०अङ्क =२० अङ्क** | **३० अङ्क** |
| | **२ प्रश्न × ५अङ्क =१० अङ्क** | |

**२. संवैधानिक व्यवस्था र सरकार**

२.१ नेपालको संविधान
२.२ संघियताको अवधारणा
२.३ संघ, प्रदेश र स्थानीय तह तथा सुशासन
२.४ नागरिक चेतना/शिक्षा, नागरिक समाज लगायत नागरिकहरुको दायित्व र कर्तव्य
२.५ कानूनको अर्थ र महत्व तथा कानूनका स्रोतहरु
२.६ कानूनी राज्यको अवधारणा र महत्व, लोकतान्त्रिक मूल्य र मान्यता
२.७ सामाजिक समावेशीकरण, समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेद
२.८ राज्यशक्तिको बाँडफाँड तथा संघ, प्रदेश र स्थानीय तहको अधिकार
२.९ संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध
२.१० स्थानीय तहको न्यायीक अधिकार, विवाद समाधान र मेलमिलाप
२.११ स्थानीय कार्यपालिका, व्यवस्थापिका र आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी
२.१२ मुद्दा मामिला र त्यसको प्रतिरक्षा सम्बन्धी सामान्य जानकारी

| | | |
|---|---|---|
| **खण्ड (Section) (C)** | **३ प्रश्न × १०अङ्क =३० अङ्क** | **४० अङ्क** |
| | **२ प्रश्न × ५अङ्क =१० अङ्क** | |

**३. सार्वजनिक सेवा संचालन एवं व्यवस्थापन**

३.१ कार्यालय व्यवस्थापन
 ३.१.१ कार्यालय र कार्यालय व्यवस्थापनको अवधारणा र महत्व
 ३.१.२ अभिलेख व्यवस्थापनको परिचय, उद्देश्य, आवश्यकता र महत्व
 ३.१.३ कार्यालयमा संचारको महत्व, प्रकार, माध्यम

३.१.४ कार्यालयमा व्यवस्थापन सूचना प्रणाली (MIS) को आवश्यकता र महत्व
३.१.५ वैठक व्यवस्थापन तथा माइन्यूट लेखन

३.२ लेखा प्रणाली र राजस्व प्रशासन
३.२.१ सरकारी लेखा प्रणाली र लेखापरीक्षण सम्बन्धी जानकारी
३.२.२ सरकारको आर्थिक कार्य प्रणालीको सामान्य जानकारी
३.२.३ जिन्सी, राजश्व र धरौटी स्रेस्ता प्रणाली
३.२.४ राजस्व प्रशासन (कर, भंसार, अन्तःशुल्क, स्थानीय कर तथा गैर कर राजस्व) सम्बन्धी जानकारी
३.२.५ राजस्व र खर्चको फाँटबारी र प्रतिवेदन
३.२.६ बजेट सम्बन्धी सामान्य जानकारी
३.२.७ स्थानीय तहको आर्थिक कार्यप्रणालीसम्बन्धी सामान्य जानकारी
३.२.८ स्थानीय तहको अनुदान, राजस्व अधिकार र परिचालन

३.३ सार्वजनिक सेवा प्रवाह
३.४.१ अर्थ र महत्व, सार्वजनिक सेवा प्रवाह गर्ने तरिका/माध्यमहरु
३.४.२ सार्वजनिक सेवा प्रवाहमा सेवा प्रदायकको भूमिका र सेवाग्राहीको अधिकार तथा दायित्व
३.४.३ व्यक्तिगत घटना दर्ता

३.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३.५ विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
३.६ सहकारी ऐन, २०७४
३.७ भ्रष्टाचार निवारण ऐन, २०५९
३.८ सार्वजनिक खरिद कानून सम्बन्धी सामान्य जानकारी ।

**<u>द्रष्टव्य</u>** :यसपत्रका पाठ्यक्रमका एकाईहरुबाट सोधिने प्रश्नहरुको संख्या यथासम्भव निम्नानुसार हुनेछ ।

| **द्वितीयपत्र का खण्ड** | **(A)** | **(B)** | **(C)** | **जम्मा प्रश्न संख्या** |
|---|---|---|---|---|
| **अङ्कभार** | **३०** | **३०** | **४०** | |
| **छोटो उत्तर प्रश्न** | **२** | **२** | **२** | **६** |
| **लामो उत्तर प्रश्न** | **२** | **२** | **३** | **७** |
| **जम्मा प्रश्न संख्या** | **४** | **४** | **५** | **१३** |

## द्वितीय पत्रः सामाजिक-आर्थिक अवस्थाका नमुनाप्रश्नहरु

निम्न प्रश्नहरुको उत्तर दिनुहोस् ।

1. नेपालको जलसम्पदाको महत्व छोटकरीमा उल्लेख गर्नुहोस् । (5)
2. छोटो टिप्पणी लेख्नुहोस्: (2.5×2)
   a) कानुनी राज्य
   b) नागरिक समाज
3. अभिलेख व्यवस्थापन भन्नाले के वुझ्नुहुन्छ ? यसको महत्व प्रष्ट पार्नुहोस् । (2+3)
4. वैदेशिक रोजगार भन्नाले के बुझिन्छ । हरेक वर्ष असंख्य नेपाली युवाहरु रोजगारीका लागि बिदेसिनुका कारणहरु लेख्नुहोस । विदेशमा नेपालीहरुले सामना गर्नु परेका चुनौतिहरु उल्लेख गर्नुहोस् । (1+ 4.5 + 4.5)

लोक सेवा आयोग
स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ पाँचौं तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह),
लेखापाल/आन्तरिक लेखापरीक्षक/लेखा सहायक (प्रशासन सेवा, लेखा समूह) तथा
सहायक (न्याय सेवा, कानून समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि
पाठ्यक्रम

**विषयः- कम्प्यूटर सीप परीक्षण(Computer Skill Test)**

**प्रयोगात्मक परीक्षा योजना(Practical Examination Scheme)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | विषयवस्तु शिर्षक | अङ्क | समय |
|---|---|---|---|---|---|
| कम्प्यूटर सीप परीक्षण (Computer Skill Test) | १० | प्रयोगात्मक (Practical) | Devanagari Typing | २.५अङ्क | ५ मिनेट |
| | | | English Typing | २.५अङ्क | ५ मिनेट |
| | | | Windows basic and Word processing | ५ अङ्क | ५ मिनेट |

## Contents

**1. Windows basic**

- Introduction to Graphical User Interface
- Starting and shutting down Windows
- Basic Windows elements - Desktop, Taskbar, My Computer, Recycle Bin, etc.
- Concept of files and folders
- Searching files and folders

**2. Word processing**

- Creating, saving and opening documents
- Typing in Devanagari and English
- Text formatting (font, size, color, underline, italic, bold, etc) and paragraph formatting (alignment, indentation, spacing)
- Inserting header, footer, page number
- Page setting (margin, page size, orientation), previewing and printing of documents

-----

**लोक सेवा आयोग**

**स्थानीय तह अन्तर्गतका अप्राविधिक तर्फ पाँचौं तहका सहायक (प्रशासन सेवा, सामान्य प्रशासन समूह), लेखापाल/आन्तरिक लेखापरीक्षक/लेखा सहायक (प्रशासन सेवा, लेखा समूह) तथा सहायक (न्याय सेवा, कानून समूह) पदहरुको प्रतियोगितात्मक परीक्षाको लागि**

**पाठ्यक्रम**

**<u>अंग्रेजी वा देवनागरी Typing Skill Testको लागि निर्देशनः-</u>**

1. देवनागरी Typing Skill Test को लागि १५० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | **शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)** | **पाउने अंक** |
|---|---|---|
| | ५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ५ वा सो भन्दा बढी र ७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ७.५ वा सो भन्दा बढी र १० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १० वा सो भन्दा बढी र १२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १२.५ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १५ वा सो भन्दा बढी र १७.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | १७.५ वा सो भन्दा बढी र २० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २० वा सो भन्दा बढी र २२.५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २२.५ वा सोभन्दा बढी र २५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | २५ वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

2. English Typing Skill Test को लागि २०० शब्दहरुको एउटा Text दिइनेछ र देहाय अनुसार अंक प्रदान गरिनेछः-

| | **शुद्ध शब्द प्रति मिनेट (Correct Words/Minute)** | **पाउने अंक** |
|---|---|---|
| | ६ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ० अंक |
| | ६ वा सो भन्दा बढी र ९ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.५० अंक |
| | ९ वा सो भन्दा बढी र १२ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | ०.७५ अंक |
| | १२ वा सो भन्दा बढी र १५ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.०० अंक |
| | १५ वा सो भन्दा बढी र १८ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.२५ अंक |
| | १८ वा सो भन्दा बढी र २१ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.५० अंक |
| | २१ वा सो भन्दा बढी र २४ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | १.७५ अंक |
| | २४ वा सो भन्दा बढी र २७ भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.०० अंक |
| | २७ वा सोभन्दा बढी र ३० भन्दा कम शुद्ध शब्द प्रति मिनेट बापत | २.२५ अंक |
| | ३० वा सो भन्दा बढी शुद्ध शब्द प्रति मिनेट बापत | २.५० अंक |

3. अंग्रेजी वा देवनागरी Typing मा दिइएको Text लाई आधार मानी टाइप गरेको Textसँग भिडाई चेक गरिनेछ । दिइएको अंग्रेजी वा देवनागरी Textमा उल्लेखित स्थान बमोजिम परीक्षार्थीहरुले आफ्नो Textमा Punctuationटाइप नगरेको पाइएमा त्यसको शब्दमा गणना गरिने छैन । तत्पश्चात निम्न Formula प्रयोग गरी शुद्ध शब्द प्रति मिनेट(Correct words/minute) निकालिनेछ ।

**<u>Formula:</u>**

$$\text{शुद्ध शब्द प्रति मिनेट (Correct words/minute)} = \frac{(\text{Total words typed} - \text{Wrong words})}{5}$$